नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**
सानोठिमी, भक्तपुर

पत्र संख्या २०८१।०८२
चलानी नम्बर

## माध्यमिक शिक्षा परीक्षा (SEE)२०८१ को पुनर्योगमा चित्त नबुझेमा उत्तर पुस्तिका हेर्न निवेदन दिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति :- २०८२।०४।३०**

२०८१ सालको माध्यमिक शिक्षा परीक्षा**(SEE)**को नियमित/ग्रेडवृद्धि परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरूमध्ये पुनर्योग गराउन निवेदन दिएका परीक्षार्थीको पुनर्योगका लागि निवेदन दिएका विषयका उपर चित्त नबुझेमा उत्तरपुस्तिका पुन:परीक्षण निर्देशिका, २०७५ बमोजिम उत्तरपुस्तिका हेर्नका लागि सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निम्न प्रक्रिया पूरा गरेर यस कार्यालयमा निवदेन दिनहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. पुनर्योगका लागि निवेदन दिएका विषयमध्ये नतिजामा चित्त नबुझेका उत्तरपुस्तिका हेर्न चाहेका विषयमा प्रति विषय रु.२०००।–(दुई हजार मात्र)का दरले राजश्व खाता नं.१४२२३ मा रकम जम्मा गर्नुपर्ने छ ।

२. उत्तरपुस्तिका हेर्न पाउँ भन्ने निवेदनको ढाँचामा उल्लेख गरिएका कागजातसहित निवेदन दिएका परीक्षार्थीले तोकिएको ढाँचामा कबुलियतनामा गरे पश्चात उत्तरपुस्तिका पुन: परीक्षण निर्देशिका, २०७५ को दफा ३(३) बमोजिम विषयगत विज्ञ र अभिभावकसमेतको उपस्थितिमा उत्तरपुस्तिका हेर्ने व्यवस्था मिलाइने छ । उत्तरपुस्तिका हेर्न दिन र समय परीथार्थीले कबुलियतनामामा प्रदान गरेको सम्पर्क नम्बरमा जानकारी गराइने छ ।

नोटः उत्तरपुस्तिका हेर्न पाँउ भन्ने निवेदनको ढाँचा र कबुलियतनामा कार्यालयको **Website: www.see.gov.np** वा **www.neb.gov.np** बाट डाउनलोड गर्न सकिने छ ।

फोन न. ६६३०८१९,६६३०७३९,६६३००७० फाक्स ९७७६६३११४६